ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २९५
१२ साउन २०८० शुक्रबार
28 Jul. 2023, Friday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन सरकार प्रतिबद्ध छ : मन्त्री बस्नेत



**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, जनकपुर**

सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले आमनागरिकलाई सर्वसुलभ रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ ।

बिहीबार धनुषाको सपहीस्थित स्वास्थ्य निर्देशनालय मधेश प्रदेशको प्राङ्गणमा विश्व स्वास्थ्य सङ्गठनको सहयोगमा निर्माण गरिएको प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रको हस्तान्तरण र उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको हो ।

उहाँले स्वास्थ्य सेवा सुधारका लागि मन्त्रालयले विभिन्न क्षेत्रमा दिनरात कामकाज गरी रहेको भन्दै छ महिनाभित्रमा स्वास्थ्य क्षेत्रले काँचुली फेर्ने उहाँको कथन थियो ।

मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रमा देखिएका विभिन्न किसिमका भेदभाव र विकृतिहरूलाई समाप्त पार्दै काम गर्ने मान्छेलाई वातावरण दिनु पर्छ भन्ने मान्यताका साथ मन्त्रालय अघि बढेको जानकारी गराउनु भयो ।

स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारीको योग्यता क्षमता वृद्धिका लागी अन्तर्राष्ट्रिय स्तरमा तालिमहरू दिने काम काजहरू भइरहेको भन्दै त्यस्ता तालिममा हुम्लामा बसेर काम गर्ने कर्मचारीले पनि सहभागी भई विदेश भ्रमण गर्न पाउनेजस्ता अवसरहरू मन्त्रालयले प्रदान गर्न लागेको बताउनु भयो । उहाँले काम गर्नेलाई पुरस्कार र काम नगर्नेलाई दण्ड हुनुपर्ने मान्यताका साथ मन्त्रालयले मूल्याङ्कन गरिरहेको बताउनु भयो ।

मन्त्री बस्नेतले जनसङ्ख्याको हिसाबले बढी जनसङ्ख्या भएको प्रदेश मधेश प्रदेश रहेको कारण एउटा प्रदेशमा एउटा विशेषज्ञ सेवा हुनुपर्ने बताउनु भयो । जनकपुर धाममा मुटु रोगको सेवा प्रभावकारी बनाउने विषयमा प्रक्रिया अघि बढाइने र यसले मुटु रोगका बिरामीलाई काठमाडौँ धाउनुपर्ने अवस्थाको अन्त्य हुने मन्त्री बस्नेतले बताउनु भयो ।

प्रदेशको कुनै पनि ठाउँमा कुनै किसिमको आपत् विपत् आएमा अब आपत्कालीन कार्य सञ्चालन केन्द्रले विभिन्न निकायसँग समन्वय गरी तत्कालै समस्या समाधान गर्नमा मद्दत पुऱ्याउने उहाँको कथन थियो ।

कार्यक्रमको अध्यक्षता गर्नुभएका मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री वीरेन्द्रप्रसाद सिंहले मधेश प्रदेशको स्वास्थ्य अवस्थालाई सबल र सुदृढ बनाउनका लागि आफू लागि परेको बताउनु भयो । उहाँले मधेश प्रदेशको प्रादेशिक सबै अस्पतालमा आजैबाट लागु हुने गरी जेनरल वेड निःशुल्क गरिएको बताउँदै प्रदेश सरकार सुलभ रूपमा स्वास्थ्य सेवा दिन चाहेको छ भन्नुभयो ।

यसमा सबैको सहयोग आवश्यक भएको बताउँदै प्रदेशभित्र मापदण्ड विपरीत सञ्चालित औषधी पसल र निजी अस्पतालहरूलाई मापदण्डको दायरामा ल्याउने किसिमले कामकाज भइरहेको उहाँको भनाइ छ ।

कार्यक्रममा मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कृष्णकुमार यादव, लक्ष्मीनियाँ गाउँपालिकाका अध्यक्ष भोगेन्द्र झा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सङ्घीय सचिव रोशन पोखरेल, स्वास्थ्य अतिरिक्त सचिव सङ्गीता कौशल मिश्र, विश्व स्वास्थ्य सङ्गठनका नेपाल प्रतिनिधि राजेश सम्भाजी राउ पाण्डव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेश प्रदेशका सचिव प्रमोदकुमार यादव, मधेश प्रदेशका स्वास्थ्य निर्देशक राजीव झा, जनस्वास्थ्य प्रयोगशाला मधेश प्रदेशका निर्देशक श्रवण कुमार मिश्रसहितकाको सहभागिता रहेको थियो । मन्त्री बस्नेतले आजै सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले डेंगी रोगको रोकथाम तथा नियन्त्रणका लागि आयोजित अन्तर क्रिया कार्यक्रममा पनि सहभागी हुनुभयो । सो क्रममा उहाँले डेंगी रोगको रोकथाम तथा नियन्त्रणका लागि तिनै तहका सरकारले एक अर्कासँग समन्वय गरी कामकाज गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

## सुशासन र समृद्धिको अभियानबाट सरकार पछि हट्दैन : गृहमन्त्री श्रेष्ठ




**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, बर्दिवास**

बर्दिबास नगरपालिका ३ स्थित श्री जनता माध्यमिक विद्यालयले बर्दिबास गौरीडाँडामा आयोजना गरेको शिक्षा सम्मेलन २०८० को उद्घाटन कार्यक्रममा गृहमन्त्री श्रेष्ठले भ्रष्ट, अपराध, तस्करी, बेतिथिमा संलग्न सबैलाई कानुनको दायरामा ल्याइने स्पष्ट पारेका छन् ।

सरकारले शरणार्थी प्रकरण, ललिता निवास प्रकरण, सुन तस्करी जस्ता ठुला घटनाको स्वच्छ, स्वतन्त्र रुपमा अनुसन्धान गरी घटनामा संलग्न र दोषी कोही कसैलाई पनि नछोड्ने उनले बताए।

उनले भने, 'अहिले भ्रष्टाचार र बेथिति विरुद्ध ठूल्ठूला अभियानहरु सरकारले सञ्चालन गरिरहेको छ। नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरणसहित सबै प्रकरणको स्वतन्त्र र स्वच्छ अनुसन्धान गरेर दोषीलाई कारबाही गर्न पहलकदमी अगाडि बढाएका छौं। यस्ता कदमले विश्राम लिनेवाला छैन। अब पुग्यो भनेर सरकार बस्दैन।'

कसैले अब सरकार चुप बस्छ भनेर आशा गरेको भए त्यो नहुने मन्त्री श्रेष्ठको भनाइ थियो। उनले भ्रष्टाचारी, कमिसनखोर, तस्करी र अपराधीहरुकोविरुद्ध आफू अन्तिम बिन्दूसम्म अगाडि बढ्ने दाबी गरे।

साथै उनले प्रतिपक्षीतिर लक्षित गर्दै जसले भ्रष्टाचार र तस्करीविरुद्ध अभियान चलाइरहेको उसले नै पद छाडिदिनुपऱ्यो भनेर कोही कराइरहेको बताए।

'ठान्नुभएको होला छाड्दिएदेखि त अब अरु तस्करी, भ्रष्टाचारी, बेथिति र विकृतिको डंगुर फेरि लगाउन पाइन्थ्यो। अहिलेको छानबिन प्रक्रिया रोकिन्थ्यो ठानेर कसैले भन्नुभएको छ भने म निवेदन गर्छु। त्यो दिन आउनेवाला छैन।'

मन्त्री श्रेष्ठले कसैलाई सहज बनाउनका लागि आफूहरुले अभियान र पद नछाड्ने जिकिर गरे। ललिता निवास, भुटानी शरणार्थी प्रकरण र सुन तस्करीबारे अन्तिमसम्म छानबिन गर्ने उनको भनाइ थियो।

उपप्रधानमन्त्री श्रेष्ठले शिक्षा क्षेत्रमा गुणात्मक सुधार ल्याउन सके अर्थतन्त्र सुदृढ हुने बताउनुभयो । सरकारले व्यावसायिक र रोजगार मूलक शिक्षामा जोड दिइरहेको उहाँको भनाइ छ ।

## अवैध ओसारपसार गर्ने कामलाई कडाइका साथ नियन्त्रण गर्न गृहमन्त्री श्रेष्ठको निर्देशन



**जनकपुर** / सङ्घीय सरकारका उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले मधेश प्रदेशका सिडिओ, प्रशासनिक निकायका प्रतिनिधि तथा सुरक्षा निकायका प्रतिनिधिहरूलाई शान्ति सुरक्षा एवम् समसामयिक सेवा तथा वितरण चुस्त बनाउन आवश्यक निर्देशन दिनुभएको छ।

विभिन्न भेटघाट तथा कार्यक्रमका लागि आज यहाँ आउनुभएका उपप्रधानमन्त्री श्रेष्ठले मिटरब्याज (अनुचित लेनदेन) पीडितलाई आवश्यक समन्वय गरेर न्याय दिन समेत निर्देशन दिनुभयो।

"मिटरब्याज (अनुचित लेनदेन) सम्बन्धी कानुन सकभर आज नै राष्ट्रियसभाबाट पारित भएर प्रमाणीकरणका लागि राष्ट्रपतिकोमा जाने छ।" उहाँले भन्नुभयो, एकातिर कानुन छ, एकातिर आयोग छ, एकातिर

*बाँकी पृष्ठ ३ मा*

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ह्हीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# प्रहरी शुसानको दिशामा

नेपाल प्रहरीको क्षमतालाई नियालिरहेको सचेत वर्गले प्रहरी संगठनलाई हाल सकारात्मक दृष्टिले हेरिरहेको छ। 'वास्तविक बिरालो त्यो हो, जसले मुसा मार्न सक्छ' भन्ने आख्यानलाई प्रहरीको सन्दर्भमा जोडेर बुझ्नु उपयुक्त हुन्छ-प्रहरी त्यो हो, जसले अपराधीलाई समातेर न्यायको कठघरामा ल्याउन सक्छ।अपराधी पक्रन नसक्ने वा नचाहने बर्दीधारी राज्यकोषमा पालिएको ढोकेभन्दा तात्विक भिन्न देखिन सक्दैन। नेपाल प्रहरीको अपराध अनुसन्धान महाशाखाले हाल चर्चित संगठित अपराधविरुद्ध जस्ता ठूला अपरेसन यसभन्दा अघि चलाएको शायद थिएन।

नक्कली भुटानी शरणार्थीसम्बन्धी राज्यविरुद्धको संगठित अपराध र भ्रष्टाचारका दोषीहरूलाई धमाधम पक्रिरहेको कार्यले देशभरि सकारात्मक हलचल र कौतुहलता जगाएकै थियो। त्यसमाथि ललिता निवासको सयौँ रोपनी सरकारी जग्गा राज्यशक्ति लगाएर कीर्ते, जालसाँजी र नक्कली कागजातका आधारमा हडपेका अभियुक्तमाथि अनुसन्धान चलाइरहेकोले आमजनतामा प्रहरीप्रतिको धारणामा निकै परिवर्तन आउन थालेको मान्नु अत्युक्ति हुँदैन।

जसको हातबाट आइजिपी (प्रहरी संगठनका प्रमुख) ले दर्ज्यानी चिह्न लगाएपछि मात्र पदभार ग्रहण गर्न पाउँछन्, त्यस्तो बहालवाला गृहसचिवलाई प्रहरीले गिरफ्तार गरेर थुनामा राखी अनुसन्धान गरिरहेको छ। राज्यको आत्मा र संवेदनशीलता मानिने सूचना तथा सञ्चार क्षेत्रको मन्त्रालयका बहालवाला सचिवलाई पनि अनुसन्धानको क्रममा पक्राउ गरी थुनामा राखी कारबाही अगाडि बढाउने निर्भीकता प्रहरीले देखाएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त हुन् वा पूर्वनिर्वाचन आयुक्त, गृहमन्त्रीका सुरक्षा सल्लाहकार वा उच्च ओहोदा सम्हालिसकेका अधिकारीहरू, यतिबेला न्यायिक कारबाहीको दायरामा प्रहरीले तानिरहेको छ। हिजोसम्म आफूले सलाम ठोकेका एक पूर्वगृहमन्त्रीसहित पूर्वउपप्रधानमन्त्रीलाई अनुसन्धानका लागि पक्राउ गर्नमा नेपाल प्रहरीले साहसिक कदम चलाएर समाजमा सुशासन स्थापनाको आभासले आशा र उत्साह सञ्चार गराएको छ।अब शंकाको सुविधा दिने केही प्रश्न मात्र नागरिक समाजमा रहेको छ-प्रहरीको यस्तो कारबाही अन्तिम हो कि यो सुरुवात मात्र हो? सुशासनका लागि केही गरेरै छाड्ने अठोटको गृहमन्त्री परेकाले प्रहरी शक्ति पनि सोहीअनुरूपको भएको हो कि गृह मन्त्रालयमा जुनसुकै राजनीतिक नेतृत्व आओस् वा जाओस् तर नेपाल प्रहरीले विधिको शासन स्थापनाका लागि, दण्डहीनताको अन्त्य, अपराधविरुद्धको निर्मम न्यायिक कारबाहीको प्रक्रियालाई अगाडि बढाउने निरन्तरताको यो केवल सुरुआत हो?

# उद्यमशीलताका लागि प्राविधिक शिक्षा

डा. शैलेन्द्र गिरी

नेपालमा प्राविधिक शिक्षाको बारेमा बहस चल्न थालेको दशकौँ भइसक्यो । अहिले देशलाई गरी खाने शिक्षा चाहिएको छ। आजका सन्ततिलाई दुई-दुई विषयमा डिग्री पास गरेर झोलामा प्रमाणपत्र बोकी जागिर खोज्न विदेशतिर लाग्नुपर्ने शिक्षा चाहिएको छैन। हो, प्राविधिक शिक्षाले बेरोजगारीको बढ्दो समस्यालाई हल गर्न केही हदसम्म सहयोग गरेकै छ । यसले व्यावहारिक सिप र ज्ञानका साथै व्यावसायिक सिप सिकेर भावी दिनमा रोजगारीका सम्भावना पहिल्याउन विकल्प दिएको छ । यस आलेखमा प्राविधिक शिक्षा : सिप, रोजगारी र आर्थिक विकासका बारेमा प्रकाश पारिने छ । रोजगारी सिर्जना र आर्थिक वृद्धिलाई अगाडि बढाउन, उद्यमशीलता विकास र नवप्रवर्तनलाई प्रोत्साहन गर्न, पूर्वाधार विकासमा योगदान पु¥याउन र विश्वव्यापी प्रतिस्पर्धात्मक क्षमता बढाउन प्राविधिक शिक्षाले पु-याएको योगदान र महत्वलाई कदापि भुल्न सकिँदैन ।

**सिप विकास र रोजगारी**

प्राविधिक शिक्षाले इन्जिनियरिङ, सूचना प्रविधि, कृषि, पर्यटन र स्वास्थ्य सेवा, जडीबुटी प्रशोधन, स्थानीय सिपको प्रवर्धन र विकास जस्ता क्षेत्रमा सिपयुक्त दक्ष प्राविधिक जनशक्तिको बढ्दो मागलाई पूरा गर्दै सिप विकासमा महत्वपूर्ण भूमिका खेल्छ । यसले प्रशिक्षार्थीलाई उद्योगसँग र अन्य व्यवसायलाई आवश्यक पर्ने व्यावसायिक सिप सिक्न तथा त्यससँग सम्बन्धित ज्ञान हासिल गर्न सक्षम बनाउनुका साथै उनीहरूलाई विश्वव्यापी रूपमा रोजगारको बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गरी रोजगारी प्राप्त गर्न सक्ने हैसियत प्रदान गर्छ । यसले व्यक्तिगत विकासका लागि उत्प्रेरकको रूपमा काम गर्नुका साथै इच्छुक व्यक्तिलाई समाजमा योगदान गर्न सक्ने गरी सक्षम बनाउँछ । हातमा सिप भएको व्यक्ति स्वदेश वा विदेशमा रोजगारी प्राप्त गर्न सक्छ ।

**आर्थिक वृद्धि र उद्यमशीलता**

सबल र सक्षम प्राविधिक शिक्षा प्रणाली भएका देशले आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिएका छन् । उनीहरूले प्राविधिक शिक्षा प्रणाली सफल भएमा राष्ट्रको अर्थतन्त्र र समग्र विकासमा योगदान पु-याउन सक्छ भन्ने प्रमाणित गरिदिएका छन् । देशमै दक्ष जनशक्ति उत्पादन गरेर प्राविधिक शिक्षामा आधारित उद्योगको स्थापना र विकास, आर्थिक क्षेत्रको वृद्धि, नवप्रवर्तन, उत्पादकत्वमा वृद्धि र प्रतिस्पर्धात्मक बजार स्थापना गर्न सके समाजलाई छिट्टै आर्थिक रूपान्तरणमा बदल्न सकिन्छ । यसका लागि सरकारले उद्यमशीलताको विकाससम्बन्धी आमनागरिकको मानसिकतामा परिवर्तन ल्याउन आवश्यक छ, जसका लागि सरकारले योजनाबद्ध ढङ्गले उत्पादनमा आधारित रचनात्मक योजना कार्यान्वयनमा ल्याई र नवप्रवर्तनलाई प्रोत्साहन गर्दै उद्यमीहरूलाई बिनाधितो ऋण प्रवाह गर्नुका साथै उनीहरूको उत्पादनको बजारको ग्यारेन्टी गरि दिनु पर्छ । यसले नवउद्यमीलाई आफ्नै व्यवसायहरू स्थापना गर्न वा अन्य उद्योगमा योगदान गर्न प्रोत्साहन मिल्छ ।

**विश्वव्यापी प्रतिस्पर्धा**

प्राविधिक शिक्षाले राष्ट्रको पूर्वाधारको विकास र विश्वका जुनसुकै देशसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति नेपालमै उत्पादन गर्न सकिन्छ । नेपालमा उत्पादित जनशक्तिले विश्वका ख्याति कमाएका विश्वविद्यालय, उद्योग, कम्पनीमा रोजगारी प्राप्त गर्न सफल भएका छन् । चाहे त्यो अमेरिकाको नासा होस् वा हार्डवर्ड विश्वविद्यालय । यसले दक्ष प्राविधिक, इन्जिनियर र निर्माण कार्यकर्ता उत्पादन गर्न सहयोग गर्छ र महत्वपूर्ण पूर्वाधार परियोजना निर्माण गर्न र पुनर्निर्माण गर्न सक्षम हुन्छन् । प्राविधिक शिक्षाले नागरिकलाई गरी खाने बनाउँछ । नेपाल भूगोलमा सानो भए पनि विश्वमा विभिन्न ओहोदामा प्रतिस्पर्धा गर्न सक्ने एक दक्ष सिपयुक्त सक्षम नेपालीको रूपमा राष्ट्रलाई चिनाउन सक्छ ।

**प्राविधिक शिक्षा**

सबै स्थानीय तहमा प्राविधिक शिक्षा पु-याउने भनिए पनि आवश्यकता र औचित्य पुष्टि नहुने गरी जथाभावी खोलिएका सामुदायिक प्राविधिक शिक्षालय कति बन्द भइसकेका छन् भने धेरै बन्द हुने अवस्थामा छन् । यस प्रकारको गलत कार्यले सबै स्थानीय तह समेटिन सकेका छैनन् । भौतिक र प्राविधिक पूर्वाधार विकास कमजोर हुनुका कारण विद्यार्थीले प्रयोगात्मक कक्षा र सिप सिक्न सकिरहेका छैनन् । कतिपय शिक्षालयमा प्रशिक्षकको कमी छ । सबै शिक्षालयले ओजेटी अनिवार्य गर्न सकिरहेको अवस्था छैन । विद्यार्थीलाई व्यावहारिक रूपमा बजारसँग जोड्न सकिएको अवस्था छैन ।

व्यावसायिक सिपलाई भन्दा डिग्रीलाई बढी मान्यता दिने हाम्रो समाजको कारण प्राविधिक धारभन्दा अप्राविधिक धारतिर विद्यार्थीको आकर्षण भएको पाइन्छ । विकसित देशमा एसइई तहमै ८० प्रतिशत विद्यार्थीले प्राविधिक शिक्षा लिन्छन् । हाम्रो देशमा २० प्रतिशतले प्राविधिक शिक्षा लिन्छन् । अध्ययन पूरा गरेपछि उनीहरूका ९० प्रतिशत शैक्षिक जनशक्तिले रोजगार प्राप्त गर्छन् । हाम्रो देशमा ९० प्रतिशत बेरोजगार हुन्छन् । हाम्रो शिक्षा प्रदान गर्ने प्रणाली नै गलत छ । नेपालमा पुरानो शिक्षा पद्धति बदल्न ढिलो भइसक्यो । राज्यले शिक्षा र रोजगारीबिच तालमेल मिलाउन नसक्दा देशमा बरोजगारको सङ्ख्या बढ्दो छ । विद्यार्थीको सिप र योग्यता पहिचान गर्नुको सट्टा शैक्षिक ग्रेडहरू हेरेर हामी विद्यार्थीको क्षमता र स्तर मूल्याङ्कन गर्छौं, जो आफैँमा गलत छ । हामी त्यसैलाई प्रोत्साहन गर्दै स्यावबास भन्छौँ । यो राष्ट्रिय समस्या हो । यसलाई छिटोभन्दा छिटो सम्बोधन गरिनु पर्छ । प्राविधिक शिक्षाका फाइदाका बारेमा विद्यार्थी र अभिभावकमा जनचेतना जगाउन आवश्यक छ । प्राविधिक शिक्षाले विद्यार्थीमा सैद्धान्तिक ज्ञानको आधारको साथसाथै व्यावसायिक सिप प्रदान गरेर उनीहरूलाई स्वरोजगार बन्न र रोजगारीका अवसरहरू सजिलै फेला पार्न सक्षम बनाउन सक्छ भनेर उनीहरूलाई बुझाउन जरुरी छ ।

नेपालमा विभिन्न विषयको प्राविधिक शिक्षाको अध्ययन अध्ययापनको ठुलो अवसर छ। कतिपय विषयको अध्ययन गराउन सुरु भएकै छैन । जस्तै चिया खेती, स्थानीय सिपको प्रवर्धन, जडीबुटी खेती र प्रशोधन, साइबर सुरक्षा, साइबर कानुन, शैक्षिक प्रविधि र सिकाइ विकास, विद्युतीय सिकाइ विकास, विद्युतीय कृषि, ट्राफिक इन्जिनियरिङ, रेलवे इन्जिनियरिङ, रोबोटिक्स र मेकाट्रोनिक्स, सामग्री विज्ञान र इन्जिनियरिङ, फोहोर व्यवस्थापन र पुनर्चक्रण, डाटा विश्लेषण, मेडिकल टेक्नोलोजी, एयरोस्पेस इन्जिनियरिङ, नेटवर्क प्रशासन आदि । यी विषयहरूले बेरोजगारीको समस्यालाई सम्बोधन गर्न, आर्थिक वृद्धिलाई अगाडि बढाउन, नवप्रवर्तनलाई प्रोत्साहन गर्न सहयोग गर्ने छन् ।

प्राविधिक शिक्षालाई आमनागरिकको पहुँचसम्म पु-याउनका लागि सरकारले विद्यालय, कलेज र विश्वविद्यालयका पूर्वाधार विकास, विश्व बजारको माग अनुसारको पाठ्यक्रम विकास र परिमार्जन, शिक्षक र प्रशिक्षकलाई प्राविधिक र व्यावहारिक तालिम र समय समयमा शैक्षिक परार्मश दिनु आवश्यक छ । उत्पादित जनशक्तिलाई बजारसँग जोड्न राज्यले छुट्टै निकायको गठन गर्न सक्छ ।

लेखक राप्ती इन्जिनियरिङ कलेजका कार्यकारी निर्देशक हुनुहुन्छ ।

*गोरखापत्रबाट*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भारतीय पासपोर्टबाट हङकङ–यूएई–काठमाडौं ओहोर दोहोर गर्छन् क्विन्टल सुनकाण्डमा तानिएका राकेश

**वसन्त अर्याल**

**साउन ११ गते, काठमाडौं**



सय किलो सुन तस्करीमा संलग्न रहेको आशंका गरिएका राकेशकुमार अडुकियाले भारतीय पासपोर्ट प्रयोग गर्ने गरेको खुलेको छ। उनले रोहन अडुकिया नामको भारतीय पासपोर्ट प्रयोग गर्ने गरेका छन्।

राजस्व अनुसन्धान विभागले हङकङबाट आएको क्विन्टल सुनकाण्डमा संलग्न भएको आशंकामा उनीमाथि अनुसन्धान गरिरहेको छ।

अडुकियाको यात्रा विवरण पनि निकै शंकास्पद देखिएको छ। गएको एक वर्षको अवधिमा अडुकियाले दुई सय १२ पटक संयुक्त अरब एमिरेट्स (यूएई) र हङकङको यात्रा गरेको आश्चर्यजनक विवरण नेपालखबरले अध्यागमन विभागबाट प्राप्त गरेको छ। जुन विवरण अध्यागमनले राजस्व अनुसन्धान विभागमा पठाइसकेको छ।

अडुकियाको यात्रा शंकास्पद देखिएपछि अध्यागमन विभागले उनको 'ट्राभल हिस्ट्री' नै राजस्व विभागमा पठाएको हो।

अध्यागमन विभागले राकेशले प्रयोग गर्ने रोहन अडुकिया नामको भारतीय पासपोर्ट पनि कालोसूचीमा राखिसकेको छ।

**सय किलो सुन प्रकरण : विमानस्थल भन्सारका कर्मचारीको सेट नै तानिँदै**

**अडुकिया बैंक तथा वित्तीय संस्था, रेमिट्यान्स, गाडी, हर्बल व्यवसायी हुन्।**

सेयर लगानीकर्ताले अडुकियालाई सेयर बजारका 'पुराना खेलाडी' को रुपमा चिन्छन्। 'अडुकिया सेयर कारोबारमा बढी चलखेल गर्ने खेलाडीको रुपमा चिनिन्छन्,' एक ब्रोकर कम्पनीका सञ्चालकले भने, 'उनी हर्षद मेहता शैलीमै कारोबार गर्थे। लगानी फसेपछि अहिले बजारमा देखिनेगर ी कारोबारमा छैनन्।'

अडुकियाले बैंक तथा वित्तीय संस्थामा पनि लगानी गरेका छन्। सन् २००४/०५ आर्थिक वर्षमा राकेश अकुडिया लक्ष्मी बैंकको निर्देशक थिए। उनी सर्वसाधारण सेयरधनीको तर्फबाट निर्देशक बनेका थिए।

राकेशलाई गोर्खा विकास बैंक डुबाएको अरोप लाग्दै आएको छ। उनी सञ्चालक रहँदा सो बैंकलाई राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरी आफ्नो अधीनमा ल्याएको थियो। राष्ट्र बैंकले नै विकास बैंकलाई गोर्खा फाइनान्सको रुपमा सञ्चालन गर्ने अनुमति दिएको थियो। जुन हाल सञ्चालनमा छ। अडुकिया विकास बैंक प्रकरणमा पक्राउ समेत परेका थिए। पुनरावेदन अदालत पाटनको आदेशपछि उनी छुटेका थिए।

**क्विन्टल सुनकाण्डमा समातिएका रेडी ट्रेडका दिलीपले कम्पनी खोल्न बुबासँग मागेका थिए २० हजार**

लक्ष्मी बैंकको सञ्चालक हुँदा नै अडुकिया नेपाल मेन्था प्रोडक्सन प्रालिको कार्यकारी निर्देशक थिए। नेपाल हर्बस् एन्ड हर्बल प्रोडक्सन एसोसिएसनका अध्यक्ष, नेपाल र ेमिट्यान्स एसोसिएसनका सह–सचिव रहेका उनी नेपाल उद्योग परिसंघमा परिषद् सदस्य समेत थिए।

सन् १९७५ को अगस्टमा जन्मिएका उनी चलचित्र निर्माता पनि हुन्। बीपी कोइरालालिखित तीन घुम्ती उपन्यासमा आधारित फिल्म उनैले निर्माण गरेका हुन्। सुनकाण्ड सार्वजनिक भएलगत्तै राकेश नेपालबाहिर गएको राजश्व अनुसन्धान र अध्यागमन विभागका अधिकारीहरूले बताएका छन्।

तर, सय किलो सुन तस्करीमा आफू संलग्न नभएको अडुकियाको दाबी छ। आफ्नो बारेमा भ्रम छरिएको उनले दाबी गरे।

'मेरो कुनै संग्लनता नभए पनि आरोप लगाएर इस्युलाई डाइर्भट गर्न खोजिएको छ,' सय किलो सुनकाण्डमा आफ्नो नाम जोडिएपछि राकेश अडुकियाले नेपालखबरसँग भने, 'मुख्य अभियुक्तलाई छाड्नेगरी विषय मोडिएको छ।'

**हङकङबाट यसरी काठमाडौं पठाइयो सुन, मिस लीले मध्यराति रोकिन् १५२ किलोको सिपिङ**

उनले सरकारलाई पूर्णरुपमा अनुसन्धान गर्न दिनुपर्ने बताए।

'सरकारलाई अनुसन्धान गर्ने अधिकार छ। शंका गर्न सक्छ,' राकेश भन्छन्, 'सरकारले मसँग सोधपुछ गर्न चाहे सबै कुरा बताउँछु।'

उनले आफू रहेको स्थान पनि खुलाउन चाहेनन्। तर सरकारको अनुसन्धानमा विश्वास रहेको उनको भनाइ छ।'सरकारी अधिकारीप्रति पूर्ण विश्वास रहनु पर्छ,' राकेश भन्छन्, 'सरकारले देशका जुनसुकै व्यक्तिलाई शंका गर्न सक्छ। तर संलनता हुन्छ नै भन्ने छैन।'

**नेपालमा टेस्लाको बिक्रेता, नेपाल-अमेरिका चेम्बर सदस्य**

अमेरिकाको बहुराष्ट्रिय कम्पनी टेस्ला ब्रान्ड नेपालमा अडुकियाले नै भित्र्याएका हुन्। उनले एउटा कम्पनीबाट ल्याउँदा भन्सारमा झन्झट बेहोरेको भन्दै अर्को कम्पनी खडा गरी टेस्लाको गाडी नेपालमा बिक्री गरिरहेका छन्।

सुरुमा हङकङमा रहेको र ाकेशकुमार अडुकियाकै साउथ चाइना एक्जिम लिमिटेडबाट टेस्लाका कार श्रीमा डिस्ट्रिब्युटर्समार्फत नेपाल भित्र्याएका थिए। तर शंकास्पद लागेको भन्दै भन्सारबाट छुटेका मोडल एक्सलाई फेरि भन्सार फिर्ता पठाइएको थियो। त्यसपछि उनले अरेत इन्टरनेसनल नामक कम्पनी खडा गरी कार भित्र्याउन थालेका हुन्।

श्रीमा डिस्ट्रिब्युटर्स र अरेत इन्टर नेसनल दुवैले राकेशकुमार अडुकियाकै साउथ चाइना एक्जिम लिमिटेड मार्फत गाडी भित्र्याएका हुन्।नेपाल-अमेरिका चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजको सदस्य हुँदा नै उनले आफू टेस्लाको बिक्रेता रहेको देखाएका छन्। अहिले टेस्लाका गाडी बिक्री गरिरहेको अर ेत इन्टरनेसनल प्रालिको बोर्ड सल्लाहकार रहेको उनले उल्लेख गरेका छन्।

## अवैध ओसारपसार गर्ने कामलाई कडाइका...

तपाईंहरू हुनुहुन्छ। सकेसम्म अहिले नै आवश्यक समन्वय गरेर पीडितलाई न्याय दिनुहोस्।"

नेपाल-भारत सीमामा हुने सामान ओसारपसारमा राज्यलाई नोक्सान पुऱ्याउने वा अवैध ओसारपसार गर्ने कामलाई कडाइका साथ नियन्त्रण गर्न तर वास्तवमै जनताको दैनिक आवश्यकता र व्यापारिक उद्देश्य के हो त्यसलाई दुई पाटोबाट हेर्न उपप्रधानमन्त्री श्रेष्ठले निर्देशन दिनुभयो।

"दैनिक व्यावहारिक आवश्यकता टार्न सामान ल्याउने कुरामा लचक हुनुहोस् र व्यापारिक प्रयोजनमा ल्याएको भए कडाइ गर्नुहोस्।" उहाँले भन्नुभयो। मलको हकमा पनि यहींका किसानले आफ्नै प्रयोजनका लागि ल्याएको भए लचक हुन उहाँले निर्देशन दिनुभएको जानकारी गृहमन्त्रीको सचिवालयले दिएको छ ।






# धनुषामा ३० हेक्टर वनमा रहेको अतिक्रमण हटाउने कार्य सम्पन्न



**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, जनकपुर**

सार्वजनिक वन क्षेत्र अतिक्रमण गरि बनाइएको घर टहराहरू डिभिजन वन कार्यालय धनुषाले हटाएको छ। डिभिजन वन प्रमुख बेचन चौधरीको अगुवाइमा धनुषाको राष्ट्रिय वन क्षेत्रका करिब ३० हेक्टर क्षेत्रफलमा गरि इएको अतिक्रमण हटाउने काम सम्पन्न भएको छ।

धनुषाको मिथिला नगरपालिका वडा नं ११ मा रहेको सुन्दरी सामुदायिक वनको करिब १० हेक्टर क्षेत्रफलको अतिक्रमित वनलाई खाली गराएर सो ठाउँमा व्यक्तिले लगाइएको मकै सहितको अन्य बालीहरू नष्ट गरि वृक्षारोपण गर्ने काम भएको डिभिजन वन प्रमुख चौधरीले जानकारी दिनु भएको छ। अतिक्रमण मुक्त भएको वन क्षेत्रमा वनमा आधारित जातका वृक्षहरू लगाउने काम भएको छ।

यसै गरि धनुषाको गणेशमान चार नाथ नगरपालिकाको वडा नं ६ का पञ्चपौरी सातपतरेको १७ हेक्टर अतिक्रमित बनक्षेत्रलाई अतिक्रमणमुक्त गर्ने काम भएको छ। वन क्षेत्रको अतिक्रमण खाली गराएर सो ठाउँमा विभिन्न जातको जङ्गली बिरुवा लगाउनुका साथै तार वार गरिने काम भएको छ। वर्षा नभएका कारणले बिरुवाको संरक्षणमा समस्या रहेको वन अधिकृत चौधरीले जानकारी दिनु भएको छ।

वन क्षेत्र खाली गराउने क्रममा उल्लेख्य सङ्ख्यामा वन रक्षक परिचालन गर्नुका साथै धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दहालसंग समन्वय गरेर थप सुरक्षा मद्दत माग गरिइएको कारणले कुनै प्रकारको अप्रिय घटना नभएको जानकारी वन अधिकृतले दिनु भएको छ। वन क्षेत्रमा सिन्धुली, पोखरा तथा र मिछापसम्मका मान्छेहरू आएर बसोबास गर्दै आएका थिए। वन क्षेत्रमा बढेको अतिक्रमण तथा चुरे विनाशका कारणले तराई मधेशको चापाकल तथा पम्पीसेटहरु सुक्न थालेको छ। वर्षा नभएर अहिले खेती हुन सकेको छैन। वनको संरक्षण तथा चुरेको विनाशका लागि आफूहरूको अभियान निरन्तर रुपमा जारी र हने जिल्ला वन अधिकृत बेचन चौधरीले दिनु भएको छ। गलत नियतले वन क्षेत्र अतिक्रमण गर्ने काम हुने गरेको छ। वन अतिक्रमणले केहीलाई लाभ पुगेपनि बहुसङ्ख्यक व्यक्ति तथा देशलाई नै समस्या निम्त्याउने गरेको कारणले थप अतिक्रमित ठाउँको वन क्षेत्र खाली गराउनु पर्ने माग हुन थालेको छ।






# महोत्तरीमा मिटरब्याजीका नेता पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, महोत्तरी**

महोत्तरीमा एकजना मिटरब्याजीका नेता पक्राउ परेका छन्। पक्राउ पर्नेमा महोत्तरीको भंगहा नगरपालिका ६ हतिसर्वाका साहु र घुवीर साहका छोरा ईन्द्रजीत साह छन्।

उनी साहुहरुको संगठन लेनदेन संघर्ष समिति महोत्तरीका सहसचिव हुन्।

उनलाई जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट पक्राउ गरेको महोत्तरीका प्रवक्ता डिएसपी दिलीपकुमार गिरीले जानकारी दिए।

जिल्ला प्रशासन कार्यालय महोत्तरीमा अनुचित लेनदेन कार्यदलले गरिरहेको छलफलमा विवाद गर्न खोजेपछि उनलाई प्रहरीले पक्राउ गरेको हो।

छलफलमा बसेका एक प्रत्यक्षदर्शीका अनुसार मूलधनको ६ गुणासम्मको तमसुक बनाएको र दिएकै रकम अनुसारको तमसुक रहेकाले सोही बमोजिम ऋणीबाट अशुल गर्ने अडान राखेपछि विवाद भएको थियो। त्यसपछि उनलाई प्रहरीले पक्राउ गरेको हो।डिएसपी गिरीका अनुसार आज पुनः जिल्ला प्रशासनमा छलफल हुने उनले बताए।

जिल्ला प्रशासन कार्यालयमा उनी र उनका बुबाविरुद्ध करिब २० वटा मिटरब्याज सम्बन्धि उजुरी परेको छ।

# पीडितका प्रतिनिधिले पीडितबाटै पैसा उठाउँछन्




**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, सप्तरी**

जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्लामा व्याप्त मिटर ब्याजी समस्या समाधानमा जुटिर हँदा मिटरब्याजी पीडित सङ्घर्ष समितिकै केही व्यक्तिहरूद्वारा आफूहरू थप पीडामा परेको सप्तरीका मिटरव्याज पीडितहरूको आरोप छ।

सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा गठित उपसमितिले पीडक र पीडित दुवै पक्षलाई मिलाएर बोलाएर छलफल गरिरहँदा सङ्घर्ष समितिबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिले नै पीडितको भन्दा पीडकको पैरवी गर्न थालिएकोले आफूहरू थप पिडामा पर्न गएको मिटरब्याजी पीडितहरूले गुनासो रहँदै आएको छ।

मिटर ब्याज पीडित सङ्घर्ष समितिका सचिव तथा छलफल तथा मिलापत्र उपसमितिको प्रतिनिधि समेत रहनुभएका छेदी पासवानले पीडितको घरघर गई रकम असुल्ने गरेको पीडित मध्येका बोदेवबर्साइन वडा २ का मोहम्मद उस्मान मिया बताउनुहुन्छ। उहाँका अनुसार मेरो उजुरी को क्रमसङ्ख्या ११४१ छ। मलाई १५ दिन अघि नै छलफलमा बोलायो।त्यहाँ आउँदा सङ्घर्ष समिति बाट प्रतिनिधि र हनुभएका छेदी पासमानले म पीडितको पक्षमा बोल्नुभन्दा पहिलेदेखि नै मेरो पीडकले बोल्ने भाषा बोलेर मेरो छलफललाई निष्कर्ष विहीन बनाउँदै आएका छन्।

पासमानको भनाइ उदृत गर्नुहुँदै पीडित उस्मान भन्नुहुन्छ ३१ लाख रुपैयाँको कहिले डेढ त कहिले सवा करोड माग्दै आएको छ। पाँच वर्षदेखि पैसा तिरेर पनि मेरो साढे चार कठा जग्गा समेत फिर्ता दिँदैन। यसै विषयमा छेदीसँग आग्रह गर्दा विपक्षीलाई बलियो बनाउन खालका क्रियाकलाप तथा मानसिकता देखाउँदै आएका छन्। छलफल गर्नुभन्दा थोरै पैसा खर्च गरेर प्रहरी प्रशासनलाई नै मिलाउन छेदीले मेरो पीडक अग्रवाललाई उस्काउँदै आएको हो। पीडित उस्मानले भन्नुभयो।

शम्भुनाथ नगरपालिका वडा नम्बर ६ निवासी सदिना खातुन छोराहरू विदेश पठाउन गाउँकै गोपालप्रसाद साहसँग १४ कट्ठा जग्गा धितो राखी ऋण लियो। छोराले विदेशबाट पैसा पठाउँदै साहुको पैसा चुक्ता गर्दै आएको प्रमाणसहित जिल्ला प्रशासन कार्यालय सप्तरी पुग्नुभएकी सदिना खेत फिर्ता नदिँदा आफू बिचल्लीमा परेको बताउनुभयो। सबै सम्पत्ति डुबाई हाल्यो भनेर छोराबुहारी पनि बुढेसकालमा हेला गर्दै आएको खातुनले सुनाउनुभयो। दिनदेखि राजविराजको कुनै गल्ली चाहार्न बाँकी छैन तर कसैले न्याय नदिएको बुधवार पत्रकारहरूसँग भक्कानिँदै सदिनाले भन्नुभयो ( आफ्नो मुद्दा चाँडै टुङ्ग्याइदिने नाममा छेदी पासवानले पटक-पटक गरी रु २० हजार लिएको हो। सबै मिलेर मेरो समस्या समाधान गरिदिएपछि म सबैलाई पैसा दिन्छु भनेर मैले थप भनेकै छु तर पैसा लिएर पनि काम गरि दिएन।उहाँले भन्नुभयो।

यस विषयमा मिटरब्याजी पीडितका प्रतिनिधि छेदी पासमान भन्नुहुन्छ ( मैले पीडितको पक्षमा काम गरि रहँदा मेरै पार्टीका केही व्यक्तिहरूले मसँग राजनैतिक प्रतिशोधको लागि झुटो आरोप लगाएको हो।पासमान राष्ट्रिय स्वतन्त्र पार्टीका प्रदेश कमिटीका सदस्य हुन्।

सिडिओ र प्रहरीमा मुद्दा मिलाइदिने नाममा पीडितका अगुवाहरूले नै पीडितसँग रकम असुल्न थालेको गुनासाहरू पटक पटक बाहिर आएपछि यस्ता क्रियाकलाप नगर्न नगराउन भन्दै सबै पक्षलाई सचेत हुन जिल्ला प्रशासन कार्यालयले गत साता लिखित सूचना नै जारी गरिएको हो। र त्यसो गरेको लिखित प्रमाणसहित म कहाँ आयो भने त्यस्तालाई कारबाही गर्न कुनै कसर बाँकी नछोड्ने प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले भन्नुभयो।

मिटर ब्याज पीडितको तर्फबाट अनलाइनमा समेत दर्ता भएको सप्तरीमा एक हजार सात सय ७९ उजुरी परेका छन्। जिल्ला प्रशासन कार्यालयद्वारा गठित उपसमितिले साउन नौ गते सम्ममा ७२ वटा मुद्दा मिलापत्र गरिसकेका छन्। ९६ वटा सहमति भएको र छलफलमा सात सय ६० वटा उजुरी छलफलमा रहेको प्रमुख जिल्ला अधिकारी थापाले जानकारी दिनुभयो।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं। दुर्घटनाबाट आफू पनि बचौं अरुलाई पनि बचाऔ।**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा